# हो भूपी ! जीउन झन् गाऱ्हो रहेछ

कमल सुवेदी

बीसको दशक अर्थात् नेपाली संगीतमा अम्बर गुरुङ, गोपाल योञ्जन, नारायणगोपाल, दिलमाया खाती तथा गीत लेखनमा बैरागी काइँला, अगमसिंह गिरी, भूपी शेरचन, पीटर जे. कार्थक आदिले नेतृत्व गरिएको युग थियो । उता दार्जिलिङतिर अम्बर-गोपाल, शरण-रंजित, अगमसिंह गिरी-जस योञ्जन प्यासी थिए भने काठमाडौंमा नातिकाजी, बच्चु कैलाश, भूपी-रिमाल, माधव घिमिरे-फत्तेमान आदिको पल्टन । यता र उताको प्रतिस्पर्धा हुन्थ्यो तर स्वार्थ र भावनात्मक प्रतिस्पर्धा । गिरी-गुरुङ, नौ लाखे तारा उदाउथे भने यता घिमिरे-तारादेवी फूलको थुंगा बहेर गयो गंगाको पानीमा, कहिले भेट होला है राजै यो जिन्दगानीमा भन्दै सन्देश प्रवाह गर्थे । लेखक तथा चलचित्रकर्मी प्रकाश सायमीले त्यसै भनेका होइनन्- त्यो युग अर्थात् २०२० देखि २०२५ सम्मको युग नेपाली संगीतको स्वर्णिम युग थियो भनेर । यसै स्वर्णिम युगका उत्कृष्ट राष्ट्रवादी कवि तथा गीतकार हुन् स्व. भूपी शेरचन ।

सुब्बा हितमान शेरचनका कान्छा छोराका रूपमा वि.सं. १९९२ पुस १० गते धवलागिरी अञ्चलको मुस्ताङ जिल्लामा जन्मेका भूपेन्द्रमान शेरचन समयक्रमसूगै कहिले भूपेन्द्रमान 'सर्वहारा' हूदै अन्तमा भूपी शेरचन बने र त्यही बन्नु नै उनको जीवनको असीम प्राप्ति कायम भयो । पाूच पुगेर ६ वर्ष नलाग्दै उनकी आमाको दुःखद मृत्युका कारण बाबुले आमा टोकुवा भनेर उनीप्रति अवहेलना गर्नुले नै उनमा कोमल कवि हृदयले घर गर्न थालेको अनुमान गर्न सकिन्छ । ज्योतिषीले भूपीमा घोप्टो परेको मूल रहेको र त्यसले भूपीलाई नै पिर्ने बताएका थिए । भूपीलाई उनको मूलले पिऱ्यो या पिरेन, तर भूपीको देशका लगामधारीहरूको अव्यवस्था र लथालिङ्गे पनले भने औधी पिऱ्यो उनी र उनीजस्ता देशभक्तहरूलाई पक्कै ।

सम्पन्नताको कमी नभएको पारिवारिक पृष्ठभूमिका भूपी विज्ञान पढ्न वनारस पठाइए तर, कवि हृदयका धनी भूपी विज्ञान र गणितका निरस सूत्रसित रमाउन सकेनन् । कवि परे भावनामा बग्नुको मजा फिजिक्स र केमेष्ट्रिमा पाएनन् उनले । सो पढाइ बीचैमा छोडी हालको शंकरदेव क्याम्पसमा बीएसम्म अध्ययन गर्ने उनले वनारसबाट आफूलाई साम्यवादी विचारधाराबाट ओतप्रोत बनाई फर्काए । यसैक्रममा २०१२ सालमा कम्युनिष्ट पार्टीको सदस्य तथा विधान परिषद्को चुनावको मागको सन्दर्भमा भएको भद्र अवज्ञा आन्दोलनका क्रममा प्रहरी हिरासतमा पर्ने भूपी भावनाको वहावलाई रोक्न नसकेर नै होला पाूच सन्तान भइसकेपछि पनि दोस्रो विवाह गरे । तब त्यसपछि भने भूपी पारिवारिक बोझले थिचिदै जानु र राणाकी छोरीलाई कान्छी श्रीमती बनाउनु आदिले गर्दा उनमा साम्यवादी विचारप्रति मोहभङ्ग हुन थाल्यो र उनकै शब्दमा साम्यवाद उनलाई महारोग लाग्न थाल्यो ।

परिवर्तन नाटक, नयाू झ्याउरे, निर्झर, घुम्ने मेचमाथि अन्धो मान्छे र भूपी शेरचनका कविता (सं. शिव रेग्मी) जस्ता कृतिका सफलकर्मी भूपी निर्विवाद रूपमा घुम्ने मेचमाथि अन्धो मान्छे कविता संग्रहको प्रकाशनपछि अत्यन्त चर्चामा आए । नेपाली गद्य कविताका प्रथम प्रयोक्ता गोपालप्रसाद रिमाल र भूपी शेरचनका कवितालाई आज पनि समकालीन मान्न सकिन्छ र सो विधाका हस्तीका रूपमा पनि उनै दुई स्रष्टालाई लिइन्छ । प्रगतिशील चेतना, श्रृंगार, यथार्थ, देशभक्ति, नारी समस्याको चित्रण, लाहुरे दुर्दशा, जीवन, स्वतन्त्रता र असमानताप्रति व्यंग्य भूपीका कविताका समग्र निचोड रहेको कुरा गीतकार तथा समालोचक कृष्णहरि बरालको मतबाट प्रष्ट हुन्छ । यतिमात्र होइन, लोकप्रियताको हिसाबले पनि ज्यादै माथि रहेका भूपी काव्यनायक नै हुन् । नेपाली साहित्यको पछिल्लो चरणमा सबैभन्दा थोरै पाठक भएको विधा कविता मानिएको छ । तर भूपीको लोकप्रिय कविता संग्रह घुम्ने मेचमाथि अन्धो मान्छे आजसम्म २९ हजार ९ सयप्रति छापिइसकेको कुरा साझा प्रकाशन स्रोतबाट थाहा पाइन्छ । यसबाट पनि उनको जनप्रियताको सहजै आकलन गर्न सकिन्छ ।

'यो नेपाली शिर उचाली संसारमा लम्कन्छ, अमृत झैं ज्योति बाली विश्वमा यो लम्कन्छ' भनी हरेक नेपालीलाई विश्वको उत्कृष्ट प्राणी ठहऱ्याई जातीय प्रेमको चरमसीमा प्रस्तुत गरेका छन् एकातिर भने त्यही नेपालको राज्य सञ्चालनकर्ताहरू चाहिू अन्धा छन् र तिनै अन्धाहरू शासन-सत्ताको घुम्ने मेचमाथि बसेको यथार्थ पस्कन्छन् । काठमाडौंवादप्रति भूपीको कटाक्ष छ, त्यसैले उनी भन्छन्-

साझमा जब नेपाल खुम्चिएर काठमाडौं

काठमाडौं डल्लिएर नयाँ सडक

र नयाँ सडक असंख्य मानिसका

पाउमुनि कुल्चिएर

टुक्रिएर अखबार,

पान र चियाको पसलमा ... ।

पक्का हो भूपी काठमाडौंमात्र हो नेपाल, सत्ताको नजिक रहनेहरूका लागि किन भने देशको वार्षिक बजेटको ठूलो प्रतिशत काठमाडौंमा नै पोखिन्छ र छरिन्छ । जन्मजात अन्धा छैनन् काठमाडौंका मान्छेहरू तर घुम्ने मेचमाथि बसेपछि त्यसको शक्ति सम्पन्नताले उसलाई अन्धो बनाउँछ । अकर्मण्य बनाउँछ । दिनभर कुर्सीमा निदाएर र झोक्राएर बस्ने कुर्सीधारीहरू समग्रमा अन्धा हुन् र तिनै अन्धाहरूको शासनमा भूपी शासित थिए, हामी पनि छौं । निबन्धकार तथा समालोचक सुधा त्रिपाठीका अनुसार भूपीले आफूले भोग्नु परेका पीडा र युगीन विसंगतिहरूलाई व्यंग्यका रूपमा ग्रहण गर्दै भावुकता र कल्पनात्मक आदर्शतालाई भन्दा जीवनको यथार्थको अपेक्षा बढी गरेका छन् । व्यंग्यकलाको अनुशासनको कसीमा राखेर हेर्दा भूपी कवि देवकोटाभन्दा पनि माथि रहेको निचोड पनि त्रिपाठीको छ ।

‘अल्झेछ क्यारे पछ्यौरी तिम्रो

चियाको बोटैमा

बल्झेछ क्यारे सुनको काँढा

कलिलो खुट्टामा’

भूपी ! अहिले त पछ्यौरी चियाको बोटमा मात्र होइन, देशको पछ्यौरी नेताहरूको कमाउ अभियानमा अल्झेको छ, विकासको गति उनीहरूको अदूरदर्शी नीतिमा अल्झिएको छ । सुनको काँढा कलिलो खुट्टामा बल्झदामात्रै त के नै हुन्थ्यो र भूपी ! देश त अहिले भ्रष्टाचारको आहालमा बल्झेको छ र गृहयुद्धको चपेटामा बल्झन खोजेको छ, बन्धु हत्याले आक्रान्त छ । पीडामाथि पीडाको काँढा घोपिएको छ देशको मुटुमा भूपी ! हो भूपी ! देशका डुंगा खियाउने माझीहरूको नजर जाने दिशातिर होइन पजेरोतिर छ तब न यो दुर्दान्त नियति भोग्दैछौं हामी ।

वि.सं. २०३६ सालमा नेपाल राजकीय प्रज्ञाप्रतिष्ठानको सदस्यमा मनोनीत भूपी २०३८ सालदेखि अस्वस्थ बन्दै गए । दम, मधुमेह तथा क्षयरोगबाट आक्रान्त भूपीलाई भेलोर, नयाँ दिल्ली र बैंककको उपचारले पनि निको पार्न सकेन । गए भूपी फेरि कहिल्यै नफर्कने गरी २०४६ साल जेठ १ गते ! कस्तो निर्दयी दिन थियो होला त्यो । असंख्य गीत र कविता फलाउने बोटलाई चटक्क चुडाएर लैजाने । अन्तमा हामी मरेर जानेहरूभन्दा पनि पीडित छौं, सहिद हुनेभन्दा दण्डित छौं भन्ने भूपीको कवितांश प्रस्तुत गर्दै दिवंगत भूपीलाई श्रद्धासुमन चढाउँदै यी शब्दहरू पनि उनैलाई समर्पण गरिन्छ ।

मैले पिएकोमा रिसाएका साथीहरू

पिएर त हेर

पिउन झन् गाह्रो छ

मरेर सहिद हुनेहरू

जिएर त हेर जीउन झन् गाह्रो छ ।